स्थानीय सरकार
LOCAL GOVERNMENT
# दुहवी नगरपालिका
# DUHABI MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF MUNICIPAL EXECUTIVE
दुहवी, सुनसरी
कोशी प्रदेश, नेपाल
KOSHI PROVINCE, NEPAL

प.सं.-२०८२/०८३
च.नं.- २८२०

दुहवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेश दुहवी, सुनसरी स्था: २०७२

मितिः-२०८३/०१/०९

विषयः-जानकारी सम्बन्धमा।

श्री सहकारी संस्थाहरु सबै,
दुहवी नगरपालिका, सुनसरी ।

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय,सामाजिक सुरक्षा कोष, विराटनगरको प.सं.२०८२/८३ च.नं.४०२ मिति २०८२/१२/१८ गतेको पत्र यसै पत्रसाथ संलग्न राखी पठाईएको छ । सोही पत्रबाट व्यहोरा अवगत भई कार्यान्वयन गर्नुहुन अनुरोध छ।

सुवर्ण घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# सामाजिक सुरक्षा कोष

शाखा कार्यालय, बिराटनगर

पत्र संख्या : ८/६.१/०८२/०८३

चलानी नं. : ४०२

मिति : २०८२/१२/१८

ने.सं. ११४६, चौलाथ्व, १४ बुधबार

श्री दुहवी नगरपालिका,

दुहवी, सुनसरी ।

**विषय: आवश्यक अनुगमन, समन्वय तथा सहजीकरण गरिदिने बारे ।**

उपर्युक्त विषयमा नेपालको संविधानको धारा ३४ ले प्रत्येक श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको हकलाइ प्रत्याभूत गरेको छ । यसै सन्दर्भमा श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षाको हकको सुनिश्चितताको लागि स्थापित सामाजिक सुरक्षा कोषले श्रम ऐन, २०७४ र योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ बमोजिम श्रमिकहरुलाइ मिति २०७६।०४।०१ देखिनै सामाजिक सुरक्षा कोषमा आवद्ध गर्दै आइरहेको छ।

श्रम ऐन, २०७४ को दफा ५२ (२) र ५३(२) बमोजिम श्रमिकको संचय कोष र उपदान वापतको रकम श्रमिकको नाममा सामाजिक सुरक्षा कोषमानै जम्मा गर्नुपर्ने कानूनी विषय स्पष्ट रहेको तथा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ ले कुनै पनि रोजगारदाता अनिवार्य सामाजिक सुरक्षा कोषमा सूचिकृत भइ श्रमिकहरुलाइ सूचिकृत गराइ योगदान रकम जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ। यसै सन्दर्भमा तहाँ पालिका क्षेत्र सञ्चालनमा रहेका संस्थागत विद्यालय र सहकारी संस्थाहरुमा कार्यरत श्रमिक कर्मचारीहरुलाइ अनिवार्य सुचिकृत हुनका लागि अवधि तोकी पटक पटक पत्राचार गरिएकोमा अधिकांश रोजगारदाता (सहकारी तथा संस्थागत विद्यालयहरु) यस कोषमा सूचीकृत नभएको तथा सूचीकृत भएकाहरुले समेत योगदान रकम जम्मा नगरेको देखिएकाले उक्त रोजगारदाताहरु तथा तहाँ पालिकाभित्र सञ्चालनमा रहेका अन्य रोजगारदाताहरु समेतलाइ कोषमा आवद्ध गर्नका लागि आवश्यक अनुगमन, समन्वय तथा सहजीकरणका लागि हार्दिक अनुरोध छ ।

*पुनश्च : दुहवी नगरपालिका क्षेत्रबाट कोषमा आवद्ध भइ योगदान गर्ने विद्यालय र सहकारीको विवरण यसैसाथ संलग्न गरिएको छ ।*

(दिपक राज भट्ट)

कार्यालय प्रमुख

बिराटनगर- ४ कन्चनवारी चोक, मोरङ ०२१-४६६६८५

Email: biratnagar@ssf.gov.np

सामाजिक सुरक्षा कोषमा आवद्ध भई योगदान गर्ने विद्यालयहरुको विवरण

| ServiceCategory | Employer | Contributors | Contact |
| --- | --- | --- | --- |
| EDUCATION | Sun Beam English School , Sunsari | 23 | **ईमेल**: sunbeamsonapur@gmail.com; **फोन**: 9812344647; **मोबाइल**: 9812344647; |
| EDUCATION | Mount Manaslu Education Foundation | 20 | **ईमेल**: mountmanaslus@gmail.com; **फोन**: 9861949646; **मोबाइल**: 9861949646; |

नोटः हाल दुहबी नगरपालिका क्षेत्रबाट कुनै पनि सहकारी कोषमा आवद्ध नरहेको ।

२०८२।१२।१८

कार्यालय प्रमुख